# ४.५ बाँके, बर्दियाका अल्पसङ्ख्यक खुना र सोनाहा जातिः पहिचानको समस्या

**परिचय**

बाँके, बर्दियाका अल्पसङ्ख्यक खुना र सोनाहा जाति राजनीतिक पहुँचबाट विमुख छन् भने उनीहरूको आर्थिक, सामाजिक जीवन पनि अभावग्रस्त छ। सर्वोच्च अदालतले ०७२ मा मङ्सिर १६ गते सोनाहा जातिलाई आदिवासी/जनजाति राष्ट्रिय उत्थान ऐन, २०५८ को दफा २ (क) सँग सम्बन्धित अनुसूचीमा सूचीकरण गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा परमादेश जारी गरेको भए पनि कार्यान्वयन भएको छैन। नेपालको जनगणनामा समेत खुना र सोनाहालाई छुट्टै जातिको रूपमा राखिएको पाइँदैन।

बाँके जिल्ला सदरमुकाम नेपालगञ्जबाट करिब ८० किलोमिटर पूर्व राप्ती नदीको किनारामा रहेको राप्ती सोनारी गाँउपालिका-१ मा खुना जातिको बसोबास रहेको छ भने सोनाहा जातिको मुख्य बसोबास बर्दिया जिल्लाको पश्चिम कर्णाली नदी किनारस्थित राजीपुर, मुर्घौवा, चनौरा, लोहारपुर, पर्सेनी, खैरिचन्दनपुर, लालपुर लगायतका स्थानमा रहेको छ। सोनाहा जातिको बसोबास कैलाली जिल्लाको बलिया, मुनुवा र कञ्चनपुर जिल्लाको महेन्द्रनगर, उदालपुर र पिपरैयामा पनि रहेको पाइन्छ। राप्ती सोनारी गाउँपालिका-१ भम्कामा बसोबास गरिरहेका खुना जातिको उत्पत्ति तथा नामाकरणका सन्दर्भमा तथ्य तथा आधार फेला नपरेको भए पनि हरिप्रसाद तिमिल्सिनाद्वारा लिखित लोपोन्मुख खुना जाति एक अध्ययन पुस्तिकामा खुना जातिको उत्पत्ति र नामाकरणका बारेमा दुई प्रकारको भनाइ उल्लेख छ ( तिमिल्सिना, २०७४)। पहिलो, खुना जाति भारतको अयोध्याबाट आएका हुन्। दोस्रो, रिसाउनु, कुण्ठित हुनुलाई साविकको राप्ती अञ्चलतिर खुनासिने भनिने र खुनासिने अपभ्रंश भई खुना थर रहन गएको हो। यसैगरी, सोनाहा जातिको उत्पत्ति एवम् वंश परम्परासम्बन्धी लिखित दस्तावेज नभएको र सोनाहाहरू आफ्नो जातिको उत्पत्तिका बारेमा जानकार भएको पाइएन। यद्यपि, सोनाहाहरूका पुर्खाहरू भारतको अयोध्याबाट र कसैले ठाकुरद्वारा मन्दिरबाट आएको मान्छन्।

खुना र सोनाहा जातिका मानिसहरू बालुवाबाट सुन चाल्ने र माछा मार्ने कामबाट जीविकोपार्जन गर्दै आएका छन्। राप्ती सोनारी, बर्दिया र सुदुरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा रहेका खुना जातिको जनसङ्ख्या ५ सयको हारहारीमा रहेको छ। यस जातिका छोरीहरू अन्य जातिमा विवाह गर्न थालेपछि सोनाहाहरूको जनसङ्ख्या पनि घट्दै गइरहेको छ।

समुदायका अगुवा भुवन खुनाले बताए। यसैगरी, सोनाहा जातिले परम्परागत पेसाका रूपमा कर्णाली नदी किनारामा बालुवाबाट सुन चाल्ने, माछा मार्ने र डुङ्गा चलाउने काम गर्दै आएका छन्। सोनाहा जातिको जनसङ्ख्याको तथ्याङ्क नभए पनि कैलाली र कञ्चनपुर जिल्लामा झण्डै १ हजार २ सय जनाजति रहेका छन् (खड्का, २०८० पुस)। परम्परागत पेसामा आएको व्यवधानका कारण अल्पसङ्ख्यक जातिका रूपमा रहेको सोनाहा जातिको आर्थिक, सामाजिक अवस्था दयनीय छ। खुना र सोनाहा समुदायका व्यक्तिको परम्परागत पेसा सङ्कटमा परेसँगै उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा थप समस्या उत्पन्न भएको छ (खुना, २०८०)। जसका कारण उनीहरूलाई बिहान बेलुकीको छाक टार्नसमेत समस्या उत्पन्न भएको छ।

बाँके र बर्दिया जिल्लामा आदिवासी, जनजाति, दलित, ब्राम्हण, क्षेत्री, मुस्लिम लगायत सबै जाति र धर्मका जनसङ्ख्याको मिश्रित बसोबास रहेको छ। नेपाल सरकारले आदिवासी, जनजाति र अल्पसङ्ख्यकमा सूचीकृत गरेको समुदायले राज्यबाट उपलब्ध सेवासुविधा उपभोग गरिरहेका छन्। तर, अल्पसङ्ख्यक भएर पनि सूचिकृत हुन नसकेका कारण खुना र सोनाहा जाति भने राज्यले दिने यस्ता सेवा सुविधाबाट वञ्चित हुँदै आएका छन्। यी जातिहरूलाई लोपोन्मुख जातिमा सूचीकृत गर्न राज्यलाई

झक्झक्याउन  र पछाडि पारिएका जातिलाई उनीहरूको सांस्कृतिकलगायतका  अधिकारका लागि सजग बनाउन जरूरी छ ।

**वञ्चितिकरणको अवस्था**

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३१ उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको  छ। संविधान कै धारा ३३ को १ मा प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गरेको छ। यसैगरी धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हकको व्यवस्था गरिएको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिमा नागरिकको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारसँगै रोजगारीको बारेमा उल्लेख छ।

खुना र सोनाहा समुदायका बालबालिकाहरू आधारभूत शिक्षा, स्वास्थ्यबाट वञ्चित हुनुका साथै रोजगारीको अवसरबाट समेत यस समुदायका व्यक्तिहरू वञ्चित भएका छन्। यस समुदायका व्यक्तिलाई बिहान बेलुकीको छाक टार्न समेत समस्या हुने गरेको छ। खुना जाति र सोनाहा जातिको पेसा एकै खालको भए पनि उनीहरूको भाषा र संस्कार फरक रहेको पाइन्छ। उनीहरूले सुन निकाल्न प्रयोग गर्ने उस्तै खालका सामग्रीहरूको समेत नाम फरक फरक रहेको छ (तिमिल्सिना, २०७४)।

बाँकेको राप्तीसोनारी गाउँपालिका-१ भम्का बसोबास गर्ने खुना जाति र बर्दियाका विभिन्न ठाउँमा बासेबास गर्ने सोनाहा जातिको मुख्य पेसा भनेकै नदीको बगरमा बालुवा चालेर सुन सङ्कलन गरी बिक्री गर्ने र नदीमा माछा मार्ने हो (दिनेश खबर, २०७७)। उनीहरूले सदियौंदेखि परम्परागतरूपमा यही पेसा गर्दै आएका छन्। यो पेसालाई पछिल्लो पुस्ताले पनि निरन्तरता दिएको छ। तर, बाँके र बर्दिया राष्ट्रिय निकुञ्जले स्वतन्त्र रूपमा सुन चाल्न र माछा मार्न प्रतिबन्ध लगाएपछि उनीहरू समस्यामा परेका छन्। अधिकांश खुनाहरूको अहिले पनि आफ्नो जग्गा छैन। जीविकोपार्जनको वैकल्पिक उपायको अभावमा उनीहरूको दैनिकी कष्टकर छ।

निकुञ्ज घोषणा हुनु अघि खुना र सोनाहा जातिका मानिसहरू विना अवरोध नदीको बगरमा छाप्रो बनाएर बस्दै आएका थिए। बगरकै बालुवामा सुन चाल्ने, नदीमा माछा मार्ने पेसा गरी जीवनयापन गर्दै आएका थिए। बर्दियाका पाताभार, दौलतपुर र मनाउमा बसोबास गर्ने सोनाहा जातिलाई उनीहरूको मुख्य पेसाबाट विमूख हुनुपर्दा जीवनयापन गर्न समस्या भएको पाइन्छ। बाँके र बर्दिया राष्ट्रिय निकुञ्जले उनीहरूको पेसा गर्न र कर्णाली नदीको बगरमा बस्न कानुनी रूपमा बन्देज गरेपछि उनीहरू आधारभूत आवश्यकता गाँस, बास र कपासबाट वञ्चित भएका छन्। निकुञ्जका कारण विस्थापित हुनु परेपछि उनीहरूलाई गास, बास र कपासको समस्या त छ नै शिक्षा, स्वास्थ्य र सामाजिक विकासमा पनि समस्या देखिएको छ ( चौधरी, २०७३)।

'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९' ले निकुञ्ज क्षेत्र भित्र छाप्रो बनाउन, खानी खन्न र माछा लगायत वन्यजन्तु मार्न निषेध गरेको छ। राप्ती  र कर्णाली नदीको छेउछाउमा बसोबास गर्ने खुना र सोनाहा जातिका मानिसहरूलाई सुन चाल्ने पेसा स्वतन्त्र रूपमा अपनाउन नसकेकाले जीविका चलाउन मुस्किल परेको छ।

खुना र सोनाहा जातिले अल्पसङ्ख्यक सीमान्तकृत आदिवासी जनजातिको रूपमा सूचीकृत गर्न माग गर्दै आएका छन्। तर, राज्यले अहिलेसम्म कुनै किसिमको निर्णय गरेको छैन। जसले गर्दा उनीहरूलाई राज्यको सेवा सुविधा लिन र नयाँ तरिकाले जीवन अगाडि बढाउन समस्या भएको छ। राज्यले खुना र सोनाहा जातिलाई थारू अर्न्तगत राखेको भए पनि उनीहरूले आफ्नो छुट्टै भाषा, संस्कृति, पेसासहित पहिचान रहेको र आफूहरूलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गरिनुपर्ने माग गर्दै आएका छन्।

**आर्थिक, सामाजिक जीवनमा वञ्चितिकरणको असर**

नेपालको संविधानले मौलिक हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपालको शिक्षा क्षेत्रमा विगतमा भएका लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धिहरू प्राप्त हुन थालेका छन्। पूर्वप्राथमिक शिक्षामा कूल भर्नादर ८४.७ प्रतिशत पुगेको छ। प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६६.९ पुगेको जनाएको छ। खुना र सोनाहा जातिका बालबालिका बालविकास शिक्षाबाट अहिले पनि विद्यालय बाहिर रहेका छन्। विद्यालय भर्ना भए पनि आर्थिक अभाव, भौगोलिक विकटताका कारण विद्यालयमा टिकाइराख्न चुनौती बनेको छ। खुना र सोनाहा समुदायका बालबालिकाको विद्यालय भर्नादर अत्यन्त न्यून छ। परम्परागत पेसा सङ्कटमा परेपछि

उनीहरू ६ महिना परिवार र बालबालिका सहित नेपालका अन्य ठाउँ र भारत कमाउन जानुपर्ने बाध्यता छ। यस समुदायबाट हालसम्म चार जनाले स्नातक, १० जनाले प्लस टु र २०-२५ जनाले एसएलसी उत्तीर्ण गरेका छन्। 'सोनाहा जातिका कतिले उच्च शिक्षा लिएका छन् भन्ने तथ्याङ्क नभए पनि तीन चार जनाले स्नातक पढ्दै गरेका छन्' (सोनाहा, २०८०)।

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने छ कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन, स्वास्थ्य उपचारको बारेमा जान्न पाउने, समान पहुँच, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको व्यवस्था गरेको भए पनि खुना र सोनाहा जातिका नागरिकहरू उक्त सेवाबाट वञ्चित छन्। खुना र सोनाहा नेपाल सरकारको स्वास्थ्य बीमाको पहुँचमा छैनन्। उनीहरूलाई स्वास्थ्य बीमाको बारेमा जानकारी समेत छन् (खुना, २०८०)। नियमित खोपका लागि पनि कहिले काहीं कुर्नुपर्ने अवस्था हुन्छ। नियमित खोप, नियमित गर्भवती चेक जाँचजस्ता विषय पनि सरकारी स्वास्थ्य संस्था सेवा पायक पर्ने ठाउँमा नभएका कारण यी जातिका मानिसहरू सेवाबाट वञ्चित छन्। गरिबीका कारण अधिकांश खुना र सोनाहा जातिका व्यक्तिहरू निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको पहुँचमा पुग्न सक्दैनन्। सदरमुकामबाट टाढा बस्तीमा उक्त समुदायको बसोबास भएकाले शहरमा रहेका सरकारी अस्पताल पुग्न टाढा बर्दियाको गुलरिया र बाँकेको नेपालगञ्ज पुग्नु पर्ने हुन्छ।

खुना जातिका मानिसहरू नदीमा डुङ्गाबाट मान्छे तार्ने, माछा मार्ने र बालुवामा सुन चाल्ने पेसामा संलग्न छन्। राप्ती नदी किनार र जङ्गलको छेउछाउ बसोबास गर्दै आएका खुना अधिकांशको आफ्नो जग्गा छैन। कोही ऐलानी जग्गामा बसेका छन् भने कोही सामुदायिक वनको जग्गामा बसेका छन्। पुर्ख्यौली पेसा गर्दै आएका उनीहरूलाई निकुञ्जले माछा मार्न र बालुवामा सुन चाल्नमा कडाइ गरेपछि उनीहरूको पेसा नै सङ्कटमा परेको छ। जसकाकारण आर्थिक अवस्था झनै जटिल बन्दै गएको छ।

आर्थिकरूपले पछाडि परेको जातिमध्ये सोनाहा जाति पनि एक हो। आफ्नै विशिष्ट सामाजिक, आर्थिक र सांस्कृतिक परम्परा भएको सोनाहा जातिको आर्थिक उपार्जनको मुख्य स्रोत भनेकै सुन सङ्कलन गर्ने र माछा मार्ने हो। उनीहरूसँग खासै खेतीपातीका लागि जमीन नहुने, नदी किनारमा बस्ने भएकाले भूमिहीन भन्न सकिन्छ (थाहा खबर, २०७४)। उनीहरू सुन चाल्न, माछा मार्न बञ्चित भएपछि जीविकोपार्जनका लागि सपरिवार भारततर्फ जाने गरेका छन्। यी दुवै जातिहरूसँग आफ्नो जमीन नभएका कारण कृषि कार्य गर्न सक्ने अवस्था पनि छैन। केही खुनाहरूले अर्काको जमिन अधियामा लिएर कृषिकर्म गर्न थालेका छन्।

परम्परागत जीवनशैली अँगालेका खुना र सोनाहा जाति आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिकरूपले पछाडि परेकाले राजनीतिक रूपमा पछाडि पर्नु स्वभाविक नै देखिन्छ। पञ्चायतकालमा भुवन खुना अगुवा, समाजसेवी दुखुवा खुना वडा अध्यक्षसम्म भएको पाइन्छ। खुना र सोनाहा जातिका मानिस पहिचान र अधिकारविहीन छन्। पछिल्लो अवस्थामा दुई चार जनाले सरकारी सेवामा स्थान पाए पनि राजनीतिमा उनीहरूको पहुँच पुग्न सकेको छैन। नेपाल सरकारसँग खुना र सोनाहा जातिको जनसङ्ख्या, कला र संस्कृतिसम्बन्धी कुनै विवरण भएको पाइँदैन। पञ्चायतकालमा दुखुवा खुना वडा अध्यक्ष भएको बाहेक हालसम्म कुनै पनि जनप्रतिनिधि चयन भएका छैनन्। तर, सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाबाट भने दुर्गा खुना ०७४ को निर्वाचनमा समानुपातिक निर्वाचन प्रणलीबाट प्रदेशसभा सदस्य चयन भएका थिए। यस पटक सोनाहा जातिबाट स्थानीय तहको निर्वाचनमा लक्ष्मी सोनाहा, नेपाली कांग्रेसबाट वडा सदस्य निर्वाचित भई गेरुवा गाउँपालिका कार्यपालिका सदस्य भए बाहेक राजनीतिमा केही व्यक्तिले इच्छा देखाए पनि उनीहरूको पँहुच पुग्न सकेको छैन।

**सरकारी र गैरसरकारी संस्थाको प्रयास**

खुना उत्थान समाज नामक संस्था ०६७ सालमा स्थापना भयो। भुवन खुनाको अध्यक्षतामा गठित समिति आर्थिक अभावका कारण निष्क्रिय भएको छ। सोनाहा विकास, हिमालीपुरले पनि सोनाहाहरूको उत्थानका लागि काम गरिरहेको (थापा, २०८०)। जनता आवास कार्यक्रममार्फत सोनाहा जातिका ९५ घर निर्माण भएको छ। राज्यले जनजातिको सूचीमा सूचीकृत नगरी दिंदा सोनाहा र खुना जातिले लोकसेवा तथा अन्य सरकारी सेवाका आरक्षित कोटामा परीक्षा दिन पाएका छैनन्। खुना र सोनाहा जातिको आफ्नो पृथक पहिचान स्थापित हुनुपर्ने आकाङ्क्षाको सम्बोधन भएको देख्न चाहन्छन्।

खुनाहरूको शिक्षा स्वास्थ्य, आर्थिक समृद्धिमा मद्दत पुगोस् भनी गाउँपालिकाले केही प्रयासहरू

गरिरहेको छ। खुना जातिका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउन राप्तीसोनारी गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ। यसैगरी, गाउँपालिकाले स्वास्थ्य कार्यालयसँगको समन्वय सहकार्यमा बेला बेलामा स्वास्थ्य शिविर मार्फत विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ। गाउँपालिकाले खुना जातिलाई आय आर्जनका लागि कृषि र गैर कृषि संस्थामार्फत समन्वय गरेर काम गरिरहेको छ (पौडेल, २०८०)।

आफ्नै भाषा संस्कृति भएको खुना समुदायमा सचेतनाको कमी रहेको छ। आर्थिक, सामाजिक र राजनीतिक अवस्था कमजोर छ। उनीहरूलाई समेट्ने प्रयास गरिरहेको भए पनि एक्लै तर वडाले मात्र त्यो सम्भव हुन सकिरहेको छैन। आर्थिक वर्ष ०८०-०८१ मा खुना समुदायको फुसको घर विस्थापित कार्यक्रम अर्न्तगत ३५ घरधुरीमा टिनको घर बनाउने योजना रहेको छ (खड्का, २०८०) ।

**निष्कर्ष**

प्रत्येक १० वर्षमा गरिने जनगणनामा अल्पसङ्ख्यक समुदायका खुना र सोनाहा जातिका व्यक्तिहरूको छुट्टै पहिचान सहित सूचीकृत गरेको पाइँदैन। यस समुदायको छुट्टै भाषा, संस्कृति, पेसा, संस्कार र रहनसहन भए पनि अन्य समुदायभित्रै सूचीकृत गर्दा राज्यका हरेक अवसर र सेवाबाट वञ्चित हुनुपरेको छ। केही वर्षयता राष्ट्रिय निकुन्ज क्षेत्रभित्र पर्ने नदी, नाला, खोलामा सुन चाल्न र माछा मार्न प्रतिबन्ध लगाउँदा उनीहरूको परम्परागत पेसा सङ्कटमा परेको छ। पेसा सङ्कटमा परेसँगै जीविकोपार्जनमा समेत समस्या भएको छ। जनता आवास कार्यक्रमले यी जातिका केही परिवारलाई मात्रै समेटेको छ। आर्थिक अवस्था कमजोर भएको कारण बालबालिकाहरू आधारभूत शिक्षा र उच्च शिक्षाबाट वञ्चित छन्। बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने कार्यक्रम र भर्ना भएका बालबालिकाहरूलाई विद्यालयमा टिकाउन योजना बनाएर कार्यान्वयनमा ल्याउनु पर्छ। खुना र सोनाहा समुदायका व्यक्तिहरूका लागि सीपमूलक कार्यक्रममार्फत उनीहरूलाई आत्मनिर्भर बनाउन राज्यले कार्ययोजना बनाएर कार्यान्वियन गर्न आवश्यक छ।

**सुझाव**

- खुना र सोनाहा जातिका बालबालिकाको उच्च शिक्षाका लागि छात्तवृत्तिको व्यवस्था गर्नुपर्ने।
- उच्च शिक्षा अध्ययन गरेका व्यक्तिहरूलाई रोजगारीको व्यवस्था गर्नुपर्ने।
- राष्ट्रिय जनगणनामा खुना र सोनाहा जातिको तथ्याङ्क राख्नुपर्ने।
- खुना र सोनाहा जातिलाई सूचीकृत गरी समावेशिताका आधारमा अवसर सृजना गर्नु पर्ने।
- खुना र सोनाहा समुदायका व्यक्तिहरूलाई सीपमूलक कार्यक्रममार्फत आत्मनिर्भर बनाउनु पर्ने।

**सन्दर्भ सामग्री**


खड्का, दयाराम (२०८० पुस), कुराकानीमा आधारित, स्थानीय राजपुर नगरपालिका-१।

खड्का, रामबहादुर (२०८० मङ्सिर), कुराकानीमा आधारित, वडाध्यक्ष वडा नं. १, राप्ती सोनारी गाउँपालिका।

खुना, भुवन (२०८० मङ्सिर), कुराकानीमा आधारित, अगुवा खुना समुदाय।

चौधरी, मानबहादुर (२०७३ असोज ३), सोनाह जातिद्वारा पुर्ख्यौली पेसा गर्न दिन सरकारसँग माग, *इन्सेक* सोनाह, तिमिल्सिना, हरिप्रसाद, (२०७४), *सोनाहा जातिका सामाजिक संस्कार।*

तिमिल्सिना, हरिप्रसाद, (२०७४), *लोपोन्मुख खुना भाषा एक अध्ययन।*

थाहा खबर (२०७४ असार १०), *बाँकेको अल्पसङ्ख्यक खुना समुदाय भन्छ, 'गरिबको व्यथा बुझ्नेलाई भोट',* थाहा खबर। https://www.thahakhabar.com/news/18504/

थापा, कृष्ण (२०८० मङ्सिर), कुराकानीमा आधारित, राजपुर नगरपालिका-१।

दिनेश खबर (२०७७ साउन ३१), *सोनाह जीविकोपार्जनमा समस्या,* दिनेश खबर। https://dineshkhabar.com/article/34880

पौडेल, तप्तबहादुर (२०८० मङ्सिर), कुराकानीमा आधारित, अध्यक्ष, राप्ती सोनारी गाउँपालिका।